कार्यपालिका बैठक संख्या :- १२५

बैठक मिति :- २०७९।०८।१६

अध्यक्षता :- नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिका वडा नं १८ बस्ने श्री खड्ग नारायण चौधरीको छोरी श्री आस्था चौधरी हाल पोखरा विश्वविद्यालय अन्तर्गत स्वास्थ्य तथा विज्ञान संकायको अध्ययन स्नातक तह अन्तर्गत बि.पि.टी. कार्यक्रमको सातौं सेमेस्टरमा अध्ययनरत रहेको र निजको घरको आर्थिक अवस्था कमजोर भएको र निजको शैक्षिक अध्ययन अब्बल रहेकामा निजको शैक्षिक प्रगति उन्नतिको कामना सहित रु २,००,००० - (दुई लाख रुपैंया मात्र) छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक भवन, मठमन्दिर, मस्जिद, गुम्बा, धामथान, दिनभदी, चर्च, क्लब, शलहेस गहवरहरुको सामुदायिक भवन, टोलविकासका भवन र भौतिक संरचना निर्माण गर्दा नगरपालिकालाई बुझाउनु पर्ने शुल्क छुट दिई निःशुल्क नक्सा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने बुढीखोलाबाट नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री र कबाडी कर संकलन सर्म्बान्धि ठेक्का दुइ पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोबस्त हुन नसकेको तथा आर्थिक वर्ष २०७८।७९ मा पटक पटक सूचना प्रकाशन गर्दा समेत दुवै ठेक्काहरु बन्दोबस्त हुन नसकी नगरको राजस्व गुमेको तथा आर्थिक वर्ष २०७९।८० मा समेत राजस्व गुम्न सक्ने अवस्था देखिएकोले बुढीखोलाबाट नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री सम्बन्धमा ठेक्का संचालन गर्न इच्छुक छु भनि निवेदन पेश गर्ने टेक नारायण भण्डारी, इटहरी-३ र कबाडी करको सम्बन्धमा निवेदन पेश गर्ने पाथिभरा कन्ट्रक्सन, इटहरी-५, सुनसरीलाइ राजस्व परामर्श समितिले तोकेको अंकमा नघटाइ अमानतबाट ठेक्का सञ्चालन गर्न कार्यालयले गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको हाताभित्र निर्माणाधिन प्रशासकीय भवन ६ तले भवन निर्माण गर्नका निम्ती लागत स्टीमेट र डिजाइन गरी ठेक्का प्रकियाद्वारा निर्माण गर्न बोलपत्र आव्हान गरी ठेक्का बन्दोबस्त गरी निर्माण कार्य भइ रहेकोमा सो प्रशासकीय भवन थप तल्ला निर्माण गर्ने सर्म्बान्धि छलफल गर्दा सो सम्बन्धि अगामी बैठकमा छलफल गर्ने गरी आजको बैठकमा सो प्रस्ताव स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित गर्नका लागि कानून मस्यौदा समितिद्वारा पेश हुन आएका देहाय बमोजिम कार्यविधिहरु अध्ययन गरी अगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

देहाय:

(१) बाल संरक्षण तथा सम्बद्धन सम्बन्धि कार्यविधि, २०७९

(२) ई-रिक्सा सम्बन्धि कार्यविधि,२०७९

(३) अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यविधि, २०७९

**निर्णय नं. ६**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्रको स्वास्थ्य सेवा अन्तर्गतको गाउँघर क्लिनिकको स्थान र संख्या निर्धारण गर्न वडा कार्यालयको समन्वयमा स्वास्थ्य महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट र अन्तर्गतका कार्यालयबाट प्रदान गर्ने सेवालाई अझ प्रभावकारी ढंगबाट प्रवाह गर्नका निम्ती देहाय अनुसारको पदमा देहायको संख्यामा जनशक्ति आवश्यक परेको हुँदा करार सेवाबाट खुल्ला प्रतिष्पर्धाद्वारा पदपूर्ति गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १. | ईन्जिनियर (सिभिल) | छैटौं | ५ (पाच) |
| २. | ईन्जिनियर (मेकानिकल) | छैटौ | १ (एक) |

**निर्णय नं. ८**

विगत विभिन्न मितिमा आगजानी भई प्राकृतिक प्रकोप भएको हुँदा देहाय बमोजिम व्यक्तिहरुलाई देहाय बमोजिमको रकम राहत स्वरुप देहायको व्यक्तिहरुलाई उपलब्ध गराईएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

(१) पशुराम बस्नेत, इटहरी-१९ रु ५०,००० -

(२) खगेन्द्र पौडेल, इटहरी-१७ रु ५०,०००।-

(३) जीत बहादुर श्रेष्ठ, इटहरी-२ रु ५०,०००।-

**निर्णय नं. ९**

गत २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन पूर्व यस नगरपालिका क्षेत्रका वडावस्तीहरुमा मतदाता शिक्षा सञ्चालन गर्नका लागि मतदाता शिक्षा कार्यक्रम, २०७९ बुदा नं. २६ मा व्यवस्था भए बमोजिम मतदाता शिक्षा स्वयम् सेवकलाई कार्यक्रम संचालन अवधिभर भ्रमण खर्च स्वरुप सम्बन्धित स्थानीय तहले सम्बन्धित स्थानीय तहका स्वीकृत खर्च मापदण्ड बमोजिम सेवा पाउने गरी रु २,००,०००।- (दुई लाख रुपैयाँ) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस इटहरी उपमहानगरपालिका र अन्तर्गतका कार्यालयमा पर्ने मुद्दा मामिलाहरुको आवश्यक कानूनी प्रक्रियाका लागि काम कारवाही गर्नका निम्ती कानूनी सल्लाहकार नियुक्ति गर्न सूचना प्रकाशित गरेकोमा कुनै पनि आवेदन पर्न नआएको र कानुनी सल्लाहकारको अतिआवश्यक भएकोले इटहरी-५ निवासी अधिवक्ता आश्विनी कुमार भट्टराईले निवेदन यस कार्यालयमा पेश गर्नु भएको हुँदा निजसँग दुई पक्षीय सम्झौता गरी कानूनी सल्लाहकार नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

इटहरी उपमहानगरपालिका क्षेत्रमा संचालन हुने योजनाहरु मध्ये टायल / ब्लक प्रयोग गर्नका निम्ति स्थानीय उपभोक्ताहरुको माग, गुणस्तर कायम भएको, सडकको भारवाहन क्षमतालाई मध्यनजर गर्दै स्थानीय उत्पादन M20 को टायल / ब्लक प्रयोग गर्नका लागि त्यस्ता निर्माण सामाग्रीको दररेट कायम गरी कार्यन्वयन गर्न गराउनका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

इटहरी नगर क्षेत्रभित्रका ग्रामथान, पोखरी, इनार, गौचरन, परापूर्वकालदेखि मेला लाग्ने ठाउँ, डबरा, पानी घट्ट, दाहसंस्कार स्थल, आदिको तथ्यांक संकलनको लागि २० वटै वडामा पत्राचार गर्ने निर्णय गरियो ।

CamScanner